**DOI:** https://doi.org/10.3126/phe.v16i1.96851

# यज्ञविक्रमका निबन्धमा महिलाचेतना

**रजनी काफ्ले ढकाल**
नेपाली केन्द्रीय विभाग, त्रिवि ।
Email: rajanidhakal@yahoo.com

**Received: March 3, 2026** **Accepted: May 25, 2026** **Publication: June 10, 2026**

## लेखसार

प्रस्तुत लेख यज्ञविक्रम राणका निबन्धमा महिलाचेतनाको अध्ययन र विश्लेषणमा केन्द्रित छ । नेपाली समाजमा महिलाचेतना सुरु हुँदै गरेको समयतिर लेखिएका यज्ञविक्रम राणाका दुई निबन्ध 'बहिनीहरूलाई सन्देश' र 'स्त्री जाति को हुन् ? ईश्वरले किन सृष्टि गरे ?' शीर्षकका दुईवटा निबन्ध महिलाविषयक भएको हुनाले ती निबन्धमा महिलाको अवस्था र महिलाचेतनाको अवस्था के कसरी प्रकट भएको छ भन्ने मूल समस्यामा केन्द्रित भई यो अध्ययन गरिएको हो । यस अध्ययनमा २००४ सालको गोरखापत्रमा प्रकाशित 'बहिनीहरूलाई सन्देश' र 'स्त्री जाति को हुन् ? ईश्वरले किन सृष्टि गरे ?' निबन्ध अध्ययनका मुख्य क्षेत्र हुन् भने नारीवाद यसको सैद्धान्तिक आधार हो । महिलाचेतनाका आधारबाट निबन्धको अध्ययन गर्दा त्यतिबेलाको नेपाली समाजमा महिलाको अवस्था कस्तो थियो भन्ने ऐतिहासिक पक्षको पनि खोजी गरिएको छ । यज्ञविक्रम राणाका दुई निबन्धको गहन पठन गरी ती निबन्धमा व्यक्त दृष्टिकोण र धारणाका आधारमा महिलाचेतनाको पक्ष र यथास्थितिको चित्रका आधारमा निबन्धको अध्ययन गरिएको छ । भर्खर महिला शिक्षा सुरु भएको नेपाली समाजमा महिलाप्रति परम्परागत दृष्टिकोण कस्तो थियो र अगाडि बढ्न चाहने महिलाका लागि कस्ता चुनौती थिए भन्ने पक्षलाई पनि प्रस्तुत अध्ययनमा केलाइएको छ । काठमाडौँ जस्ता सहरी क्षेत्रमा मात्र महिला शिक्षा सुरु हुँदै गर्दा महिलाप्रति समाजको अपेक्षा कस्तो थियो र महिलालाई अगाडि बढाउने पुरुष लेखकको दृष्टिकोण कस्तो थियो भन्ने पक्ष पनि यस लेखमा समेटिएको छ । यस लेखमा महिलालाई अगाडि बढाउन चाहने र यथास्थितिमा राख्न चाहने दुई विपरीत दृष्टिकोणको विश्लेषण गरी तुलनात्मक रूपमा महिलाचेतनाको पक्षमा समाज अगाडि बढ्दै गरेको निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी :** नारीवाद, परम्परागत समाज, पितृसत्ता, महिलाचेतना, सामाजिक जागरण

## विषयपरिचय

यज्ञविक्रम सैनिक सेवामा रहेर राष्ट्रको सुरक्षामा काम गरेका व्यक्ति हुन् तर उनले साहित्यका विभिन्न विधामा आफ्नो रुचि देखाएका छन् । इन्जिनियरिङ, व्यवस्थापन, मानविकी, कानुन जस्ता विषयमा स्नातकोत्तर भएका हुनाले उनको ज्ञानको तह चाहिँ त्यो बेलाका समाजमा निकै उच्च स्तरको देखिन्छ । उनको लेखनमा प्रयोग भएका ज्ञानका विभिन्न स्रोतबाट पनि उनको अध्ययनको गहिराइ थाहा पाउन

सकिन्छ । संस्कृत, हिन्दी, अङ्ग्रेजी आदिका गहन समाग्रीको उपयोग गर्दै आफ्ना रचनामा शोधमूलक प्रस्तुति दिने उनको लेखनले उनमा रहेको अध्ययनको गहिरो रुचिलाई बुझाउँछ । २००४ सालको *गोरखापत्र*मा प्रकाशित 'बहिनीहरूलाई सन्देश' शीर्षकको निबन्धात्मक आलेखमा नारीशिक्षा र चेतनाका विषयमा "राष्ट्र चरो हो । पुरुष र स्त्री यसका दायाँ र बायाँ पखेटा हुन् ।...राष्ट्रलाई उन्नतिको शिखरमा उडेर जानका निम्ति सुयोग्य पुरुष र स्त्री दुवै आवश्यक छ" भन्दै महिलाको शिक्षामा महत्त्वपूर्ण विचार प्रस्तुत गरेका छन् । *यज्ञ रचनावली*मा सङ्कलित १४ वटा निबन्धमध्ये उनका दुईवटा निबन्ध नारीविषयक छन् । नेपालमा राणाशासनको अन्त्य गर्दै प्रजातन्त्रका लागि आन्दोलन चलिरहेका समयमा शिक्षा र चेतनाको पाटो सबैभन्दा पेचिलो विषय थियो । विद्यालय खुल्ने र चेतनाको लहर बढ्न थालेको त्यो समयमा महिला पनि शिक्षित हुनुपर्छ भन्ने पक्षमा केही काम भए पनि महिलामा शिक्षाको लहर विकसित भइसकेको थिएन तर यज्ञविक्रम राणा यस विषयमा गम्भीर रहेका देखिन्छन् । उनका 'बहिनीहरूलाई सन्देश' र 'स्त्री जाति के हुन् ? ईश्वरले किन सृष्टि गरे ?' शीर्षकका दुईवटै निबन्धात्मक आलेखले समाजको विकासका लागि महिलाचेतनाका पक्षलाई जोड दिएका छन् । यी दुईवटा निबन्धमा तत्कालीन समाजको अवस्था र महिला शिक्षा र चेतनाका पक्ष रहे पनि यी पक्षबाट दुई निबन्धको पूर्वअध्ययन नभएको हुनाले यो अध्ययन आवश्यक भएको हो । यी निबन्धमा राणाले एकातिर प्राचीन आदर्शलाई स्वीकार गरेका देखिन्छन् भने अर्कातिर उनी आधुनिक ज्ञान र चेतनासँग पनि जोडिन खोजेका छन् । यस समीक्षात्मक लेखमा यज्ञविक्रमका यज्ञ रचनावलीमा सङ्कलित नारीविषयक दुई निबन्धका आधारमा उनमा रहेको महिलाप्रतिको धारणा, नारी शिक्षा र चेतना तथा तत्कालीन समयमा महिलाको अवस्थाका बारेमा सङ्क्षिप्त अध्ययन गरिएको छ । यस लेखलाई महिलाचेतनाको तत्कालीन अवस्था, निबन्धमा महिलाचेतनाको पक्ष र निबन्धमा महिलाको यथास्थितिको चित्रका पाटोबाट मात्र अध्ययनलाई व्यवस्थित गरिएको छ ।

## सैद्धान्तिक आधार र विश्लेषण ढाँचा

महिलाका अधिकार, पहिचान, अवसर तथा समाजमा रहेका असमान शक्तिसम्बन्धबारे सचेत हुँदै समाजमा भइरहेका अन्यायका विरुद्ध सोच्न, प्रश्न गर्न तथा परिवर्तनका लागि सक्रिय हुन सक्ने बौद्धिक र सामाजिक जागरणलाई महिलाचेतना भनिन्छ । महिलाचेतना नारीवादको प्रमुख पक्ष हो । महिलामाथि भएका विभेदको पहिचान गर्दै त्यसको कारण र समाधानको खोजी गर्ने अवस्था महिलाचेतना हो । महिलाको समानता र स्वतन्त्रताको पक्षमा उभिन सक्ने समझ र विचारको निर्माण हुनु नै महिलाचेतना हो । महिलाचेतनामा अधिकारको ज्ञान महत्त्वपूर्ण हुन्छ । महिलाका शिक्षा, स्वास्थ्य, सम्पत्ति, रोजगारी, राजनीतिक सहभागिता आदिका बारेमा महिलाले आफ्नो हक थाहा पाउनु महत्त्वपूर्ण हुन्छ । यस विषयमा महिलाले आफूलाई पुरुषभन्दा कम नठान्ने दृष्टिकाणको विकास हुन्छ जसबाट आत्मसम्मान र पहिचानको निर्माण हुन्छ । महिलाचेतनाको अर्को महत्त्वपूर्ण पक्ष भनेको पितृसत्तात्मक संरचनाको बुझाइ पनि हो । 'मातृत्व जीववैज्ञानिक तथ्य हो, पितृत्व चाहिँ समाजशास्त्रीय कल्पना हो' भन्ने विषय नै पितृसत्ताको स्थायी चिन्ताको पाटो बनेको हो र यही चिन्ताले महिलाको यौनिकतामाथि पहरेदारी गर्ने

मानसिकता निर्माण गरेको हो (मेनन, सन् २०१२, पृ. १६) । महिलाचेतनाका लागि घर, समाज, धर्म, संस्कृति आदिमा रहेका असमान नियम र व्यवहारलाई चिन्न सक्नुपर्छ । समाजमा महिलाको अवस्था परिवर्तनका लागि पुरुषले पनि सोच्ने तरिकामा परिवर्तन गर्नु आवश्यक छ भन्ने कुरामा बेट्टी फ्रिडानले जोड दिएकी छन् (सन् २००१, पृ. १५) । महिलामाथिका विभेदका विरुद्ध समाजका सबैले आफूलाई सुधार गर्ने र महिलाप्रतिको सोच र दृष्टिकोण सकारात्मक बनाउँदा महिलाचेतनाको अवस्थामा पक्कै सुधार हुन्छ । त्यसैले महिलाचेतना भनेको महिला मात्र आफ्नो अधिकारप्रति सचेत हुनु होइन, समाजका सबै सदस्यको दृष्टिकोण सकारात्मक हुनु हो ।

विश्वका अधिकांश समाजमा पहिलाको अवस्था पुरुषका तुलनामा कमजोर छ । महिलाको सामाजिक, आर्थिक, शारीरिक अवस्थामा पितृसत्ताले सदियौँदेखि नियन्त्रण गर्दै आएको छ । महिला र पुरुष बिचको असमान सम्बन्ध समाजकै लागि हानिकारक छ भनेर महिलाको अवस्था परिवर्तनका लागि लामो समयदेखि विभिन्न अभियान, आन्दोलन, विचार विमर्श र अध्ययन भएका छन् । समाजमा महिलाको अवस्थाप्रति सचेत हुँदै गरिएका यस्ता अभ्यासले महिलालाई मात्र होइन पुरुषलाई समेत सचेत बनाउन खोजे पनि अवस्थामा सुधार आउन सकेको छैन । पितृसत्ताले नयाँ नयाँ रूप धारण गर्दै महिलालाई अनेक तरिकाले उपयोग र दमन गरिरहेको छ । पुँजीवाद, बजार अनि उपभोक्तावादी संस्कृतिले महिलालाई अझ फरक तरिकाले दमन गरेको अवस्था छ । महिला र पुरुषका अवस्थामा अनेक तरहबाट फराकिलो दुरी देखिइरहेको छ (बार्कर, सन् २०१६, पृ. २८८) । यो दुरीलाई कम गर्ने सचेत अभ्यास र हस्तक्षेपकारी नियमन आवश्यक छ । यसैका लागि महिलाचेतनाको अवश्यकता भएको हो ।

महिलाचेतना र समाजमा त्यसको सकारात्मक वातावरण सिर्जनाका लागि नारीवाद, लैङ्गिक अध्ययन र सामाजिक न्यायका बहसहरू आवश्यक हुन्छन् । यसका लागि मुख्यतः महिलाको दमनबारेको सचेत बुझाइ र त्यसबाट मुक्त हुने अभियान कसरी निर्माण हुन सक्छ भन्ने विषय पनि यससँग जोडिन्छन् । महिलाचेतनाको सैद्धान्तिक पक्ष महिलाको अनुभव, दमन, असमानता र मुक्तिसम्बन्धी सोचबाट प्रेरित भएको हो । विभेद हुनुको कारण र परिवर्तनको बाटो खोज्ने दृष्टिकोणबाट नै महिलाको अवस्था र परिवर्तनको गति अगाडि बढेको हो । समाजमा महिलाको कमजोर अवस्थालाई सुधार ल्याउनका लागि उन्नाइसौँ शताब्दीदेखि आजसम्म विभिन्न समयमा विभिन्न ठाउँमा चलेका अभियान र आन्दोलनले नारीवादी सिद्धान्तको पनि निर्माण गरेको देखिन्छ । नारीवादी सिद्धान्तमा आएका विभिन्न समयका आन्दोलनका अनेक चरण छन् । जस्तो उदार नारीवाद, मार्क्सवादी समाजवादी नारीवाद, कट्टर नारीवाद, उत्तरआधुनिकतावादी नारीवाद आदि । उदार नारीवादले कानुनी र राजनीतिक समानतालाई जोड दिएको छ । शिक्षा, रोजगारी, मतदान, सम्पत्तिको अधिकार आदि क्षेत्रमा महिलालाई पुरुषसरह अवसर दिनुपर्छ भन्ने मान्यता उदार नारीवादको हो । मार्क्सवादी तथा समाजवादी नारीवादले महिलामाथिको दमनलाई आर्थिक संरचना र निजी सम्पत्तिको पक्षसँग जोड्छ । घरभित्रको अवैतनिक श्रम, उत्पादनमा पहुँच, वर्गसम्बन्ध आदिले लैङ्गिक असमानतालाई बढाउँछ भन्ने दृष्टिकोण यसमा छ । महिलाचेतना

यसमा वर्ग र श्रमको राजनीतिक बुझाइसँग सम्बन्धित हुन्छ । त्यसैगरी कट्टर नारीवादले महिलाको शरीर, यौनिकता, प्रजनन आदिमा पितृसत्ताको नियन्त्रण हुनाले यसको कडा स्वरमा विरोध गर्छ । पितृसत्ताको यस्तो संरचनात्मक नियन्त्रणलाई चिनेर त्यसको चुनौती दिने विषयमा विमर्श गर्छ । उत्तरआधुनिकतावादी नारीवादले चाहिँ महिलाको पहिचान नै स्थिर छैन भन्दै भाषा, ज्ञान, शक्ति र प्रतिनिधित्वले लैङ्गिक पहिचाहन बनाउने विचार प्रस्तुत गरेको छ । त्यसैगरी अन्तरविभेदी नारीवादले महिलाहरूमा पनि अझ सीमान्तकृत महिलाका विषयमा आवाज उठाउँदै (एलोइसेस, मङ्गुभाइ र ली, सन् २०२०, पृ. १७३) जात, वर्ग, भूगोल, भाषा, अपाङ्गता आदि कारण दमन फरक हुने कुरा गर्छ । त्यसैले महिलाचेतना भनेको यी सबै तहका विभेदलाई सँगै बुझ्नु हो । त्यसैले समग्रमा महिलाचेतना भनेको महिला अधिकारको माग हो । समाजमा रहेको आर्थिक सामाजिक संरचनाको आलोचना हो । पितृसत्ताको पहिचान हो । बहुआयामिक विभेदलाई एकैपटक बुझेर सूक्ष्म रूपमा महिलामाथि हुने विभेदका विरुद्ध महिलाको पहिचान निर्माणको पाटो हो । प्रस्तुत अध्ययनमा महिलाचेतनाका पक्षको अध्ययनका लागि महिलामाथि समाजले गरेको विभेदको अवस्था र महिलाको अवस्था परिवर्तनका लागि सचेत सोच र दृष्टिकोणका पक्षबाट निबन्धको विश्लेषण गरिएको छ ।

## परिणाम र विमर्श

प्रस्तुत अध्ययनमा प्राथमिक सामग्रीका रुपमा लिइएका दुईवटा निबन्धबाट महिलाचेतनाको तत्कालीन अवस्थासँगै समाजमा महिलाप्रति यथास्थितिका दृष्टिकोण र परिवर्तनका धारणा व्यक्त भएको तथ्य भेटिन्छ । त्यसैले यहाँ महिलाचेतनाको तत्कालीन अवस्था, निबन्धमा महिलाचेतनाको पक्ष र निबन्धमा महिलाको यथास्थितिको चित्र उपशीर्षक अन्तर्गत निबन्धको विश्लेषण गरिएको छ ।

### महिलाचेतनाको तत्कालीन अवस्था

राणाकालमा नेपाली जनताका लागि शिक्षा सहज थिएन । राणाशासनको उत्तरार्द्धको समयसम्म पनि शिक्षा मूलतः शासक वर्गमा सीमित थियो । शैक्षिक अवसर अत्यन्त सीमित थियो, विद्यालय नै कम थिए । राणाहरू सकेसम्म सर्वसाधारणलाई शिक्षित बन्न नदिन कठोर नीति लागु गरिरहेकै थिए । जनसाधारणका लागि विद्यालय खोल्न सहज वातावरण थिएन भने महिला शिक्षा यसै पनि कमजोर थियो । देवशमशेर जस्ता शिक्षाप्रेमी प्रधानमन्त्रीले विद्यालयहरू खोल्ने वातावरण बनाए पनि महिलालाई शिक्षा आवश्यक छैन भन्ने सामाजिक विभेदको गहिरो जरा मानिसका मस्तिष्कमा गाडिएको थियो । महिलालाई शिक्षामा सहज पहुँच नहुनु उनीहरूले गर्नुपर्ने घरायसी श्रमका साथै कृषि पेसामा बाँचेको जीवनपद्धति पनि मूल कारक थियो । काठमाडौँमा केही दरबारिया महिलाहरू गृह शिक्षणमा सीमित थिए भने केहीले मात्र दरबार स्कुल र पद्मकन्या विद्याश्रममा जोडिने अवसर पाएका थिए । चन्द्राकान्ता मल्लले व्यक्तिगत पहलमा महिलाहरूलाई शिक्षा दिन वि.सं. १९९३ मा कन्या स्कुल खोलेको तथ्य पनि भेटिएको छ (प्रभात, २०५२, पृ. ६८) । त्यसो त देवशमशेरले १९५८ वैशाख ३० गते देशका विभिन्न स्थानमा कन्या पाठशाला खोलेको तथ्य पनि इतिहासमा पाइन्छ । १९८० असार २२ गते

काठमाडौँ, पाटन र भक्तपुरमा पनि कन्या पाठशाला खोलिएको र ती पाठशालामा चार श्रेणीसम्मको पढाइ हुने जानकारी अमृता लम्सालको *मिडिया, महिला र म* पुस्तकमा उल्लेख छ (२०८०, पृ. १८) । नेपाली समाजका घरघरमा महिला शिक्षामा जागरण आउन सकेको अवस्था थिएन । पितृसत्ताले जकडेको परम्परागत सोचका कारण 'महिलाका लागि शिक्षा उति महत्त्वपूर्ण होइन, महिलाले पढेर के गर्छन् र, अर्काको घरमा गएर सन्तान जन्माउने र घरायसी काम गर्ने छोरीका लागि शिक्षा किन आवश्यक छ र' भन्ने सोचले गर्दा परिवारका सदस्यले छोरीको शिक्षालाई प्राथमिकतामा राख्दैनथे । शिक्षित महिलामा दरबारिया, सम्भ्रान्त, पुरोहित तथा विदेश प्रभावित परिवारका केही सदस्य मात्र थिए । त्यो बेला 'छोरीले पढेर के गर्छे' भन्ने मान्यता त थियो नै, छोरीले पढिहाले पनि अगाडि बढ्न सामाजिक सांस्कृतिक प्रतिबन्ध अर्को पर्खाल थियो । परम्परागत पितृसत्तात्मक संरचनाले महिलालाई शिक्षा होइन घरधन्दा, छोराछोरी पालन र परम्परागत भूमिकामा सीमित राख्यो । बालविवाह, पर्दा प्रथा र अन्धविश्वासले समाजलाई गाँजेको थियो ।

काठमाडौँमा २००४ सालको श्रीपञ्चमीको दिन पद्मकन्या विद्याश्रमको स्थापना भएपछि महिलालाई विद्यालय शिक्षाको औपचारिक बाटो खुलेको हो । पद्मकन्या विद्याश्रमको स्थापना गर्न तत्कालीन समयका सचेत महिलाहरू स्नेहलता, कनकलता, साधना र साहनाको प्रयास थियो । उनीहरूले राणा प्रधानमन्त्री पद्म शमशेर समक्ष माग राखेर नै यसको स्थापना हुन सकेको थियो (श्रेष्ठ, २०७१, पृ. २५१) । यस समयमा केही महिला शिक्षा र चेतनाका लागि जागरुक भएको देखिन्छ । भारतीय स्वतन्त्रता आन्दोलन र महिला जागरणले नेपालमा पनि केही प्रभाव पारेको थियो । वि.सं. १९७४ मा नै 'महिला समिति' गठन गरेर महिलाहरूले आफ्नो चेतनाको केही पक्ष समाजमा देखाएका थिए तर चन्द्रशमशेरको शासनकालमा राणाको कोपभाजनबाट बच्न चलाखीपूर्वक चन्द्रशमशेरकी बडामहारानीलाई समितिको अध्यक्षमा बस्न निवेदनपत्र पठाइए पनि राणाको वक्रदृष्टिबाट यो संस्था बच्ने सकेन (तुम्बाहाम्फे, २०६६, पृ. ७८-७९) । जे होस् केही महिला राजनीतिक चेतनाका पक्षबाट सचेत देखिन्थे । २००४ सालको नागरिक अधिकार आन्दोलनमा महिलाहरूले भाग लिएका थिए । यसैगरी २०१० सालको काठमाडौँ नगरपालिकाको चुनावमा महिलाहरूले पहिलोपटक भोट हाल्ने अधिकार पाएका थिए (लम्साल, २०८०, पृ. १९) र यही चुनावमा साधनादेवी प्रधान पहिलो निर्वाचित जनप्रतिनिधि बनेकी हुन् । १९८० को दशकमा नै नेपालको पूर्वी भेगमा योगमायाको समाजसुधार आन्दोलन र जलसमाधिको घटना (१९९८) ले तरङ्ग सिर्जना गरेको थियो । उनले जातपात, छुवाछुत, सती प्रथाको विरोध गर्दै नारी जातिप्रति सम्मान गर्नुपर्ने विचार हजुरबाणीहरूबाट व्यक्त गर्दै आएकी थिइन् । उनी नारी पुरुषका बिचमा रहेको विभेदको अत्यको पक्षमा थिइन् । विधवा विवाहमाथि लागेको पुनर्विवाहको बन्देजलाई पनि उनैले तोडेकी थिइन् (अजिज, सन् २००१, पृ. ५१) । यसै क्रममा *गोरखापत्र* र *शारदा* पत्रिकामा महिला शिक्षासम्बन्धी छलफल पनि सुरु भएको थियो । महिला विद्यालयको स्थापनासँगै यही लेखन छलफलको एउटा पाटोका रूपमा २००३ र २००४ सालका *गोरखापत्र*मा प्रकाशित यज्ञविक्रम राणाका दुई निबन्ध पनि जोडिएका छन् ।

## निबन्धमा महिलाचेतनाको पक्ष

यज्ञविक्रमका दुई निबन्ध महिला शिक्षा र महिलाको अस्तित्वसँग जोडिएका छन् । पहिलो निबन्ध 'बहिनीहरूलाई सन्देश' मा महिला शिक्षाको महत्त्व देखाइएको छ भने दोस्रो निबन्ध 'स्त्री जाति के हुन् ? ईश्वरले किन सृष्टि गरे ?' मा यस पृथ्वीमा महिलाको अस्तित्व केका लागि हो भन्ने विषयमा गहन विमर्श गरिएको छ । यी दुवै निबन्धमा लेखकले महिलाको महिमा गाएका छन् । महिला नभई सृष्टि र सामाजिक संरचना नै नचल्ने हुनाले महिलालाई प्राथमिकतामा राखिनुपर्ने धारणा लेखकको छ । मुख्य रूपमा पहिलो निबन्धले महिलाको शिक्षालाई महत्त्व दिएको छ । महिला शिक्षित हुँदा कसरी परिवार र समाज शिक्षित हुन पुग्छ अनि राज्यले पनि तिनको ज्ञानबाट लाभ लिन सक्छ भन्ने कुरालाई पुष्टि गर्न लेखकले संस्कृत, हिन्दी, अङ् ग्रेजी, चिनिया आदि भाषाका अनेक विद्वान्का भनाइलाई खोजपूर्ण रूपमा प्रस्तुत गरेका छन् । उनको लेखन निबन्धको भन्दा प्रबन्धको स्वरूपमा अनेक शोधमूलक तथ्यहरूको प्रस्तुतिसँग जोडिएको छ । खोज गरिएका ती तथ्यबाट उनले छोरीलाई शिक्षा दिनुपर्ने पक्षमा जोड दिएका छन् ।

पहिलो निबन्धको सुरुमा लेखिएका पङ्क्तिबाट यज्ञविक्रमको चेतनाको तह निकै उच्च स्तरमा रहेको पुष्टि हुन्छ । उनले लेखेका छन्, "राष्ट्र एउटा चरो हो । पुरुष र स्त्री यसका दायाँ र बायाँ पखेटा हुन् । एउटा पखेटाले मात्र चरो कदापि उड्न सक्दैन । त्यस्तै राष्ट्रलाई पनि उन्नतिको शिखरमा उडेर जानको निम्ति सुयोग्य पुरुष र स्त्री दुवैको आवश्यक छ । अर्थात् पुरुष र स्त्री दुवै समान रूपले समुन्नत हुनुपर्दछ" (पृ. ५८) । उनको यस अभिव्यक्तिले लैङ् गिक समानताको पाटोलाई चिनाएको छ । समाजको विकासका लागि पुरुषसँगै महिलाको पनि उत्तिकै विकास आवश्यक छ भन्ने दृष्टिकोण यस अभिव्यक्तिमा स्पष्ट रूपमा प्रकट भएको छ । शिक्षाले नै मानिसको शारीरिक, मानसिक र नैतिक शक्तिको पूर्ण रूपमा विकास गर्ने कुरा लेखकले बुझाएका छन् । यस आलेखमा लेखकले महिला शिक्षालाई जोड दिनुको मूल उद्देश्य चाहिँ आदर्श गृहिणी र योग्य आमाको निर्माण हो भनेका छन् । लेखकको यो चेतना तत्कालीन परिवेश र परिस्थितिको घेरामा नै बाँधिएको छ । समाजले महिलाका लागि निर्धारण गरेका भूमिकामा सीमित रहेर नै सही लेखकले महिलाको शिक्षा चाहिँ आवश्यक रहेको कुरा देखाएका छन् । कम्तीमा शिक्षामा पहुँच भएपछि महिलाको व्यक्तित्वमा विकासका अनेक अवस्था देखिने कुरा आफ्ना ठाउँमा छन् नै । जे होस् लेखकले यहाँ तत्कालीन समाजको स्थितिसँगै मिलेर सन्तानको लालनपालन गर्ने एउटी आमा र परिवारको रेखदेख गर्ने गृहिणी शिक्षित हुनु भनेको राज्यमा असल नागरिक निर्माणको सबल पाटो हो भन्ने कुरा बुझाएका छन् । यही कुरा बुझाउनका लागि लेखकले नेपोलियन बोनापर्ट, जिमी कार्टर, अब्राहम लिङ्कन, जर्ज हर्बर्ट, काउन्ट ओकुमा, स्वामी विवेकानन्द आदि विश्वप्रसिद्ध व्यक्तिका अनुभव र भनाइलाई उद्धृत गरेका छन् ।

महिलाको शिक्षाबाट परिवारको सबै पक्षमा उन्नति र विकास हुने कुरामा लेखक विश्वस्त हुन पुगेका छन् । उनले परिवारमा आदर्श प्रेम र सुखद दाम्पत्य जीवन पनि महिला शिक्षाकै कारण सम्भव छ

भन्ने विचार व्यक्त गरेका छन् । आदर्श आमा र आदर्श पत्नी निर्माण गर्न शिक्षा आवश्यक भएको र एउटी शिक्षित आमाले नै असल र सफल सन्तानको निर्माण गर्ने कुरामा उनी विश्वस्त भएका छन् । जेसुकै भए पनि लेखक भाग्यवादमा विश्वास नगरी एउटा असल व्यक्ति निर्माण गर्न स्वस्थ पारिवारिक परिवेश र हुर्काइको सकारात्मक वातावरण मूल कारक हुन्छ भन्ने कुरामा स्पष्ट छन् । लेखकमा रहेको यो वैज्ञानिक दृष्टिले उनको निबन्ध लेखनको उद्देश्य तथा नारी शिक्षाप्रति जोड दिनुको महत्त्वलाई स्पष्ट गरेको छ । यस निबन्धमा लेखकले नेपोलियन जस्ता व्यक्ति आमाका कारण सफल व्यक्ति बन्न पुगेका भन्दै कार्टरको "आमाको स्वभावको परिणाम बालकमा हुन्छ", अमिर अब्दुर्रहमान खाँको "बालकहरू आफ्नो प्रारम्भिक पाठ आमाहरूसँग पढ्छन्", जर्ज अर्बर्टको "एउटी असल आमा सय गुरुभन्दा बेस हो", काउन्ट ओकुमाको "स्त्रीहरूमा पनि पुरुषमा जस्तै बुद्धि हुन्छ । उनीहरूलाई पनि पुरुषहरूलाईझैँ पढाउनुपर्छ" जस्ता अनेक उक्तिहरूको संयोजन गरी महिलाको शिक्षामा जोड दिएका छन् ।

यसैगरी यज्ञविक्रमको दोस्रो निबन्धले पनि महिलाको अस्तित्वलाई जोड दिएको छ । स्त्रीविना सृष्टि चल्दैन भन्ने व्याससंहिताको श्लोकबाट सुरु भएको उनको निबन्धमा महिला नभई पुरुष अधुरो छ भन्ने तर्कमा जोड दिन पुगेको छ । उनले यस निबन्धमा वेद, मनुसंहिता, वृहदारण्यकोपनिषद्, तैत्तिरीयोपनिषद्, बृहत्परासंहिता आदि संस्कृतका अनेक प्राचीन र ज्ञानमूलक स्रोतहरूबाट महिलाको महिमा बुझाएका छन् । लेखकले उपयोग गरेका पूर्वीय वाङ् मयका आदि ग्रन्थहरूले महिलालाई सृष्टिका मूल र पुरुषलाई पूर्णता दिने पात्रका रूपमा चिनाएका छन् । यस दृष्टिबाट महिलाबाट मात्र संसारको सबै कुरा संभव भएको र महिलाको पहिलो महत्त्व रहेको अर्थ स्पष्ट हुन्छ । महिलाको यति महत्त्वपूर्ण स्थान बोध गरेका ज्ञान ग्रन्थबाट लेखकले मनुष्यत्वको पनि चिन्तन गर्न पुगेका छन् । उनले हिपेलको भनाइलाई उद्धृत गर्दै लेखेका छन्, "स्त्री र पुरुष दुवैको समन्वयबाट मनुष्यत्त्व पूर्ण हुन्छ ।" मावन हुनुको मूल तत्त्वमा महिला र पुरुषको समान सहभागिता र महत्त्व रहेको कुरा यहाँ लेखकले बुझाएका छन् । यस पक्षबाट पनि लेखकले महिला र पुरुषको समान अवस्था र स्थितिलाई बुझाउन खोजेका छन् । आज समाजमा लैङ् गिक विकासको जुन परिकल्पना गरिएको छ त्यो कुरा त हाम्रा आदि ग्रन्थहरूमा पहिले नै बोलिएको कुरालाई लेखकले यस निबन्धमार्फत चिनाएका छन् । समाज विकासका क्रममा ज्ञानका ग्रन्थहरूको सही मनन र उपयोग हुन नसक्दा मानवले नै आफ्नो समाजलाई असन्तुलित बनाएको रहेछ भन्ने ज्ञान पनि यही निबन्धबाट बोध हुन्छ । वास्तवमा यस निबन्धमा लेखकले व्यास संहिताको श्लोकबाट "विवाह भएपछि पुरुष पूर्ण हुन्छ", तैत्तिरीयोपनिषद्बाट "शरीरको आधा भाग पत्नी हुन्", मनुस्मृतिबाट "जुन घरमा महिलाले दुःख पाउँछन् त्यो घर शीघ्र नष्ट हुन्छ र जहाँ यिनीहरूले सुख पाउँछन् त्यो कुलले उन्नति गर्छ । स्त्री नै घरकी देवी हुन् । देवी र लक्ष्मीमा केही फरक छैन" जस्ता सूक्तिको उपयोग गरी महिलाको महत्तालाई स्थापित गरेका छन् । यो निबन्धमा निबन्धकारले महिलाका कारण नै समाजको अस्तित्व बनेको हो र परिवार र समाजलाई सुन्दर बनाउन महिलाप्रति सकारात्मक व्यवहार आवश्यक छ भन्ने कुराको बोध गराएका छन् ।

## निबन्धमा महिलाको यथास्थितिको चित्र

यज्ञविक्रम राणाका दुवै निबन्धले महिलाका चेतना र महत्त्वलाई स्थापित गर्दा गर्दै पनि उक्त समय र समाजको सीमालाई पनि स्वीकार गरेका छन् । लेखनमा लेखक बाँचेको समय र समाजको प्रतिविम्बन हुन्छ भन्ने कुरा यी निबन्धले स्पष्ट पारेका छन् । परम्परादेखि पितृसत्ताले महिलामाथि गरेको नियन्त्रणकारी सोच र दृष्टिकोणको स्पष्ट चित्र उनका यी दुवै निबन्धमा देखिन्छ । पहिलो निबन्धमा लेखकले महिला शिक्षाको महत्त्व त बुझाउँछन् तर शिक्षित महिलाको स्वतन्त्र व्यक्तित्वको परिकल्पना गर्न भने सक्दैनन् । जसरी हाम्रा धर्मशास्त्रहरूले महिलालाई पुरुषको अधीनमा राखिने पात्रको परिकल्पना गरेका छन् उसैगरी लेखकले पनि महिलाको शिक्षा आमा भएर असल सन्तानको पालन पोषण र आदर्श पारिवारिक वातावरणको निर्माणका लागि हो भन्ने कुरामा मात्र सीमित हुन पुगेका छन् । अझ महिला शिक्षित भए पुरुषले गृहस्थीमा आनन्द पाउँछ भन्ने तर्क गर्दै पुरुषलाई खुसी पार्ने पात्रको मात्र परिकल्पना निबन्धमा छ । निबन्धमा लेखिएको छ, “सुशिक्षित स्त्रीबाट नै गृहस्थमा पुरुषलाई स्वर्गीय सुख मिल्छ । किनभने सुशिक्षिता स्त्रीबाट नै दैनिक गृहकार्य सुचारु रूपले चल्न सक्छ औ उनी पतिदेवको इच्छाअनुकूल कार्य गर्न जान्दछिन्” (पृ. ६०) । यहाँ महिलालाई परिवार र पतिको असल कारिन्दा र तिनकै उपभोगको वस्तुका रूपमा प्रस्तुत गरिएको छ जुन कुरा पितृसत्ताले पहिलेदेखि गराउँदै आएको थियो र आजसम्म पनि त्यो अवस्था कायम छ । महिला घरगृहस्थीकी बेतलबी कारिन्दा हो र उसले भान्सादेखि पतिको यौनसुखको साथी बनेकी हुन्छे भन्ने पक्षमा निबन्धले तर्क गरेको छ । नारीवादी चिन्तक सिमोन द बोउवार महिलालाई परम्परादेखि पुरुषको यौन सुखको पात्रका रूपमा व्यवहार गरिने र सम्भोग गरेबापत पुरुषले स्त्रीलाई धन्यवाद र उपहार दिने तथा स्त्रीको जीविकाको भार ग्रहण गर्ने सन्दर्भ उल्लेख गरेकी छन् । *स्त्री: उपेक्षिता* पुस्तकमा बोउवार सम्भोगलाई समाजले स्त्रीको ‘सेवा-रूप’ मानेको तर्क गर्छिन् (सन् २००४, पृ. १६५) । यसै सन्दर्भमा लेखकले पुरुष र स्त्रीको कार्यक्षेत्र समेत बेग्लै भएको कुरा गर्दै स्त्रीको शिक्षा पुरुषको भन्दा बेग्लै हुनुपर्ने कुरामा जोड दिएका छन् जुन कुरा त्यतिबेलाको समाजले बुझेको थियो । महिला गृहस्थीमा मात्र सीमित हुनेहुनाले उसलाई गृहस्थीमा जोडिएका पाककला, गृहव्यवस्थापन, शिशुस्यहार, वृद्ध हेरचाह, पतिलाई सुख दिने आदि जस्ता ज्ञान दिनुपर्छ भन्ने बुझाइ मात्र थियो । यही पितृसतात्मक सोचकै कारण आजसम्म पनि समाजमा महिलाको नर्स तथा केयर गिभरजस्ता भूमिका अपेक्षा गरिन्छ । आज पनि विश्वमा महिला नर्सको माग बढ्दो छ । यस अर्थमा महिलालाई सेवकको भूमिकामा चाहने पितृसत्ताको अपेक्षा बुझिन्छ ।

महिला शिक्षाकै कुरा गरे पनि महिलालाई शिक्षाले आनन्द दिने पक्षबाट चाहिँ टाढा राख्नुपर्छ भन्ने तर्क राखेका स्वामी विवेकानन्दको तर्कलाई पनि निबन्धमा साभार गरिएको छ, “नाटक, उपन्यास र किस्सा कहानीका रद्दी किताबहरू उनीहरूलाई छुन पनि दिनुहुँदैन” (पृ. ६२) । सिर्जनात्मक लेखनमा आलोचनात्मक दृष्टिकोणसँगै आत्मानन्दको पक्ष जोडिने हुनाले त्यस्ता विषय महिलालाई पढाउन नहुने कुरा यहाँ लेखिएको छ । यसले महिलाको स्वतन्त्रतालाई बन्देज गरेको बुझिन्छ । त्यसैगरी दोस्रो निबन्धमा पनि महिलाको अस्तित्व सधैँ पुरुषसँग जोडिएको अवस्थाको मात्र कल्पना गरिएको छ । घर

र गृहस्थीको सुख स्त्रीसँग जोडिएको कुरा गौरवको विषय हो तर महिलाले समाजलाई नेतृत्व दिने पक्षसँग निबन्धकारले तर्क गर्न चाहेका छैनन् । स्त्रीले ज्ञानका तहमा उच्च कौशल देखाएर ऋषिलाई समेत परास्त गर्ने अवस्थामा पुगेका गार्गीजस्ता पात्रलाई निबन्धकारले सम्झिन सकेका छैनन् । बरू उनी समाजले परिकल्पना गरेको आदर्श पत्नी, आमा, बुहारी आदिमा मात्र सीमित भएका छन् । निबन्धमा महाभारत आदिपर्वको अध्याय ७४ को स्रोतबाट उनी लेख्छन्,

स्त्री पुरुषको अर्धाङ्गिनी हुन् । स्त्री पुरुषको सर्वेत्तम मित्र हुन् । स्त्री धर्म, अर्थ, कामको मूल (कारण) हुन् । स्त्री भवसागरबाट पार लाग्ने मुमुक्षुहरूको मूल हुन् । यी मधुरभाषिणी आपत्को बेला मित्र, धर्मको काममा पिता र दुःख पाएको बेलामा आमा बन्दछिन् । जसको स्त्री छ त्यही गृहस्थ हो, जसको स्त्री छ त्यसले सुख पाउँछ र जसको स्त्री छ त्यही लक्ष्मीवान् हो । (पृ. ६७)

यस तथ्यबाट महिला पुरुषको केन्द्रमा रहेको परिधीय पात्र मात्र हुन् भन्ने पुष्टि हुन्छ । परिवार र पतिको सुख स्त्रीसँग जोडिएको छ तर महिलाहरू सुख दिने वस्तु वा पात्र मात्र नभएर स्वतन्त्र चेतना भएका व्यक्ति हुन् भन्ने परिकल्पना समाजले गर्न सकेको छैन । यसबाट लेखकको दृष्टि परम्परित समाजको अवस्थाबाट टाढा पुग्न सकेको छैन । पितृसत्ताले जकडेको चेतनालाई नै अवलम्बन गर्दै त्यसैको केन्द्रमा लेखकले महिलाको महत्त्वलाई स्थापित गरिरहन्छन् । पितृसत्ताकै लोलीमा बोली मिसाउने गोल्डस्मिथका विचार लेखककले यहाँ सम्झेका छन्, “प्रकृतिमाताले स्वास्नीमान्छेहरूलाई हाम्रो चिन्ताहरू कम गराउन बनाएकी हुन्” (पृ. ६७) । यसैगरी दक्षसंहिताले पनि भनेको छ, ‘पत्नी मूलं गृहे सुखम्’ । यी दुवै निबन्धले महिलाको परम्परागत भूमिका नै अपेक्षा गरेका छन् । महिलाप्रति गरिने लैङ्गिक विभेदको अवस्था के कस्तो थियो भन्ने कुराको झलक र त्यतिबेलाको समाजलाई सजिलै बुझ्न सकिने तथ्य यी दुवै निबन्धमा रहेका छन् ।

## निष्कर्ष

यज्ञविक्रम राणा राणाकालीन समाजका शिक्षित र सचेत व्यक्तित्व हुन् । उनको पेसा अनि अध्ययनशील व्यक्तित्वका विविध आयामले ज्ञान र बोधका अनेक अवस्थासँगै लेखनको सचेत यात्रा पनि तय भएको देखिन्छ । यज्ञ रचनावलीमा साहित्य लेखनका विविध पाटोमा चिनिएका उनले निबन्धमा महिलाका पक्षमा विशेष दृष्टिकोणसहित विचार प्रस्तुत गर्नु त्यस समयका महिलाका लागि मात्र होइन नेपाली समाजमा अगाडि बढ्दै गर्ने पछिल्लो पुस्ताका महिलाका लागि पनि एउटा सचेत इतिहासको निर्माण हो । कुनै पनि समाजको विकासको क्रमिक यात्राको रूप यसरी देखिनु जीवित समाजको लक्षण पनि हो । समयका पदचापसँगै चेतनाको निर्माण हुने कुरा निर्विवाद छ । त्यतिबेलाको समय र समाजमा कम्तीमा पनि महिलाको अस्तित्व अनि महिला शिक्षाका विषयमा बोल्नु कम महत्त्वको विषय होइन । आजको अवस्थामा उनका यी दुई निबन्धको पठन र तिनका बारेमा एउटा समीक्षात्मक दृष्टिकोणको प्रक्षेपण गरिरहँदा मलाई एउटा फरक सुख र गौरवको बोध भइरहेको छ । कम्तीमा नेपाली महिलाको विकासका पृष्ठभूमिमा यज्ञविक्रम राणा जस्ता सचेत र बौद्धिक व्यक्तिहरूले कलम चलाएका थिए र आजको

समयमा हामीहरू यसरी विमर्श गर्न सकिरहेका छौँ । एउटा रचना कुन समयमा लेखियो र त्यो समयको इतिहास चेतनाको पाटो के हो भन्ने कुरा बोध भएपछि त्यस रचनाको मूल्यबोध गर्न सजिलो हुन्छ । राणाकालीन कठोर समाज अनि त्यसको अन्त्यतिरको उत्तरार्द्धको सङ् क्रमणशील समय जहाँ ज्ञान र चेतनाका लागि केही प्रयत्न हुँदै गरेको थियो त्यो अवस्थामा लेखक यज्ञविक्रमले यी दुई निबन्धबाट नेपाली समाजका नारीका लागि चेतनाको एउटा मार्ग कोर्ने सुन्दर प्रयत्न गरेका छन् ।

## सन्दर्भ सामग्रीसूची


तुम्बाहाम्फे, शिवमाया (२०६६). *नेपालमा महिला आन्दोलन.* विराटनगर : वाणी प्रकाशन ।

प्रभात, विष्णु (२०५२). *मातृत्व.* काठमाडौँ : इन्सेक ।

बोउवार, सिमोन दी. (सन् २००४). *स्त्रीः उपेक्षिता* (अनु. प्रभा खेतान). नइ दिल्ली : हिन्दी पाकेट बुक प्राइभेट लिमिटेड ।

मेनन, निवेदिता (सन् २०१२). *नारीवादी निगाह से.* (अनु. नरेश गोस्वामी). नई दिल्ली : राजकमल प्रकाशन ।

राणा, यज्ञविक्रम (२०४६). *यज्ञ रचनावली* (सम्पा. घटराज भट्टराई). काठमाडौँ : यज्ञपुस्तक संग्रहालय ।

लम्साल, अमृता (२०८०). *मिडिया, महिला र म.* काठमाडौँ : अक्षर क्रियसन्स ।

श्रेष्ठ, शान्तालक्ष्मी (२०७१). लैङ्गिक समानताको विकासमा शिक्षा. *रूपान्तरणमा महिला* (सम्पा. मीना आचार्य, सुधा त्रिपाठी, इन्दु तुलाधर र मञ्जु थापा) (दोस्रो संस्क.), काठमाडौँ : अस्मिता महिला प्रकाशन गृह, सञ्चार तथा स्रोत संस्था, पृ. २४८-२७० ।

Ajij, B. N. (2001). *Heir to a Sailent Song : Two Rebel Women of Nepal*. Kathmandu: Centre for Nepal and Asian Studies. Aloysius, S.J., Mangubhai, J. P. & Lee, J.G. (2020). Why Intersectionality Necessary. *Dalit feminist theory : A reader*. (Sunaina Arya & Aakash Singh Rathore (Eds.). London, England : Routledge.Pp 173-181.

Barker, C., & Jane, E. A. (2016). *Cultural studies: Theory and Practice*. NewYork : SAGE Publications Limited.

Friedan, B. (1997). *The Feminine Mystique*. New York & London : W.W Norton & Company.